# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

**आयोजना कार्यान्वयन निर्देशनालय**

**अनामनगर, काठमाण्डौ**

**सम्पर्क नं. ०१-५७०५३११, ५७०५९१६**

## कार्यालय हाताभित्र रहेका भवन, सवारी साधनहरु, जनेरेटर आदि उपकरणहरु तथा अन्य जायजेथाको सुरक्षा सेवा प्रदान गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०६/०२ गते, मंगलबार)

१. यस आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाण्डौका लागि आ.ब. २०७५/७६ मा निर्देशनालय हाताभित्र रहेका भवन, सवारी साधनहरु, जेनेरेटर आदि उपकरणहरु तथा अन्य जायजेथाका सुरक्षा सेवा प्रदान गर्न सिलवन्दी दरभाउपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म, संस्थाहरुबाट निम्न शर्तका अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ।

२. सिलवन्दी दरभाउपत्रका ग्राह्यता (इलिजिबिलिटी) का आधार तथा त्यस्ता आधार प्रमाणित गर्न सिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्र साथ देहायका कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ :-

२.१ फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

२.२ व्यवसाय दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि ।

२.३ मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२.४ आ.ब. २०७३/७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

२.५ अयोग्य नभएको स्वः घोषणा पत्र ।

२.६ सम्बन्धित निकाय एवं नगरपालिका, उपमहानगरपालिका तथा महानगरपालिकाबाट सुरक्षा सेवा सम्बन्धी व्यवसाय/कार्य संचालनको लागि प्राप्त गरेको इजाजत पत्रको प्रतिलिपि ।

३. सिलबन्दी दरभाउपत्र फाराम रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी यस निर्देशनालयबाट मिति २०७५ असोज २ गते देखि २०७५ असोज १६ गते सम्म (१५ दिन भित्र) खरिद गरी मिति २०७५ साल असोज १७ गते दिनको १२:०० बजेभित्र सिलवन्दी गरी यस निर्देशनालयमा दाखिला गरिसक्नु पर्नेछ । असोज १७ गते दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ, तर दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मिति २०७५ साल असोज १७ गतेबाट ४५ दिन (मिति २०७५/०७/३० गतेसम्म) को हुनेछ । दरभाउपत्र दाताले दरभाउपत्र साथ धरौटी बापत रु. २५,०००/- (अक्षेरुपि : रुपैंया पच्चिसहजार मात्र) रकममा नघटाई मिति २०७५ साल असोज १६ गते (अक्टोवर २, २०१८) सम्म बैंक जमानतका लागि यस काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाण्डौंको नाममा रहेको एन. आई. सि. एसिया बैक, न्यूरोड, काठमाण्डौस्थित धरौटी खाता नं. ३०४१०९१९५०५२४००५ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ। साथै, दरभाउपत्रको बैंक जमानत अवधि दाखिला हुने अन्तिम मिति २०७५ साल असोज १७ गतेबाट ७५ दिन (मिति २०७५/०९/०१ गते सम्म) को हुनेछ।

५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहनेछ ।

६. यो सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

७. यो सूचना यस कार्यालयका वेभसाईट www.kuklpid.org.np तथा यस कार्यालयको सूचना पाटीमा समेत हेर्न सकिनेछ ।